# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

**खण्ड : ३          संख्या : ३          जेठ १९, २०८०**

## भाग-३

## <u>सूचना</u>

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८०/०२/१९ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

| निर्णय नं. | निर्णय |
|---|---|
| १ | यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो । |
| २ | गुल्मीदरबार गाउँपालिकाको आ.व.२०७९/०८० को नीति तथा कार्यक्रम बमोजिम रहेको अध्यक्ष कृषक सम्मान कार्यक्रमका लागि प्रत्येक वडाबाट १/१ जना उत्कृष्ट कृषक छनौट गर्ने र गा.पा.बाट २ जना उत्कृष्ट कृषक छनौट गरि जम्मा ९ जनालाई जनही रु.१५०००।- पुरस्कार दिइ सम्मान गर्ने निर्णय गरियो । |
| ३ | कामाख्या प्रतिष्ठान नेपालले हाम्रो स्थानीय तह २०७४, लुम्बिनी प्रदेश नामक रेकर्ड बुक र हाम्रा जनप्रतिनिधि २०७४ नामक डाइरेक्टरी छपाई गरि रु.५३६७५।-को भ्याट विल सहित पेश गरेको हुँदा कार्यक्रम शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो । |
| ४ | सार्वजनिक विद्यालय समायोजन एवं एकिकरण कार्यक्रम कार्यान्वयन कार्याविधि, २०७७ को परिच्छेद-४ दफा ७ को उपदफा घ(७) बमोजिम छनौट भए समायोजन भएका विद्यालयलाई सम्बन्धित स्थानीय तहको स्रोतबाट व्यवस्थापन हुन सक्ने भएमा नियमानुसार प्रोत्साहन अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था भए बमोजिम गुल्मीदरबार गाउँपालिकाको आ.व.२०७९/८० मा शिक्षा क्षेत्रमा आन्तरिक श्रोतबाट विनियोजित श्री ईश्वरी मा.वि.समायोजन अनुदान शिर्षकको बजेटबाट भुक्तानी पाउँ भनि च.नं.४७ मिति २०८०/०२/१७ गते श्री ईश्वरी मा.वि.बाट रकम निकाशाका लागि माग भई आएकोले विद्यालयमा शिक्षक व्यवस्थानको लागि रु.२४,१५,५००।-(चौबिस लाख पन्ध्र हजार पाँच सय) सो विद्यालयको खातामा विद्यालयले नै बील भरपाई राखि लेखा परीक्षण गराउने जिम्मेवारी सहित अनुदानको रुपमा उपलब्ध गराउने निर्णय गरियो । |

आज्ञाले,

(राजिव पन्थी)

प्रमुख प्रशासकीय अधिकृत